# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०७९।८०
चलानी नम्बर :

मितिः २०७९।०५।०६

**बिषयः छात्रवृत्ति सम्बनधी सूचना।**

शिवराज नगरपालिकाको समन्वय, स्ट्रोम फाउण्डेशन तथा किर्डाक नेपालको सहयोगमा यस नगरपालिका भित्र रहेका सिमान्तकृत तथा जेहन्दार विद्यार्थीहरुलाई प्राविधिक र अप्राविधिक विषयमा छात्रवृत्ति प्रदान गरिने भएकोले तपशिल बमोजिमका आधार तथा मापदण्ड पुरा गरेका विद्यार्थीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र https://samvad-scholarship.kirdarc.org लिंकमा गई अनलाइन फारम भर्न हुन जानकारी गराइन्छ ।

तपशिल

**प्राबिधिक तर्फ छात्रबृत्ति प्रदान गरिने बिषयहरु:**

- स्टाफ नर्स
- स्वास्थ्य सहायक
- ल्याब प्राबिधिक
- जेटिए (पशु र कृषि)
- सहायक ईन्जिनियर
- भूमि प्राबिधिक (अमिन)

**अप्राबिधिक (सामान्य) बिषयका लागि प्रदान गरिने छात्रबृत्ति:**

- माध्यमिक तह (कक्षा ९ र १०)
- माध्यमिक तह (कक्षा ११ र १२)
- स्नातक तह

**छनौटका आधार र मापदण्ड :**

**आधारहरू**

१. छात्रवृत्ति प्राप्त गर्न आबेदन दिने आवेदक ग्रेजुएट फोरम (संवाद क्लब) वा किशोरकिशोरी नेटवर्क (आशा नेटवर्क) मध्य एउटाको सदस्य भएको हुनुपर्नेछ । तर सदस्य नभएका विद्यार्थीहरुले विद्यालय वा वडा वा अपांगता संजाल तथा अन्य आधिकारिक निकायका सिफारिसमा आवेदन दिन सक्नेछन् ।

२. छात्रवृत्तिको कुल कोषको रकम कम्तिमा ८० प्रतिशत सम्वाद ग्रेजुएट फोरम वा किशोरकिशोरी नेटवर्कका सदस्यहरुलाई प्रदान गरिनेछ । स्थानीय अवस्थाको बिष्लेषण गरी छात्रबृत्ति प्रदान गर्न आवश्यकता देखिएमा २० प्रतिशत अन्य (सम्वाद कार्यक्रम भन्दा बाहिर)लाई प्रदान गर्न सकिनेछ । तर यसमा यथेष्ठ आधारहरूले पुष्टि गर्नु पर्नेछ । (द्रष्टब्य यो खण्ड वा आधार सामान्य छात्रबृत्तिको सन्दर्भमा मात्र लागु हुने छ)

३. आवेदकले छात्रवृत्ति प्राप्त गर्नका लागि प्राविधिक शिक्षाको तोकिएको प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ वा प्राविधिक विषय अध्ययन गरिरहेको हुनुपर्नेछ ।

निमित प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com
website: http://shivrajmun.gov.np

# शिवराज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०७९।८०

चलानी नम्बर :

मिति : २०७९।०५।०६

मापदण्डहरु

**१. शैक्षिक योग्यताः** यो मापदण्डका लागि शैक्षिक ग्रेड प्रमुख आधार हुनेछ यस अन्तर्गत आबेदकले ४० प्रतिशत अंक प्राप्त गर्ने छन्। यसको निर्धारण गर्न शैक्षिक प्रमाण-पत्रलाई आधार मान्न सकिने छ।

**२.सामाजिक पक्षः** यो मापदण्डले सामाजिक बिविधताका हरेक पक्षलाई समेट्ने कोशिस गरेको छ। जस अन्तर्गत यो पक्षलाई तीन क्षेत्रमा विभाजन गरिएको छ-

क. जात र जाती

ख. अपाङ्गता

ग. लैङगिक समाजिक समाबेशीकरण।

यस मापदण्ड अन्तर्गतका लागि ३० प्रतिशत अंक छुट्याइएको छ ।

**३.आर्थिक पक्ष :** यो मापदण्डलाई तीन क्षेत्रमा विभाजन गरिएको छ

क. आय स्रोत

ख. सम्पत्ति (जग्गा र सम्पत्ति)

ग. रोजगार स्थिति (आबेदक सदस्यहरू वा नजिकका नातेदारहरूको रोजगार स्थिति)

यस मापदण्डका लागि ३० प्रतिशत अंक छुट्याइएको छ।

*थप जानकारीको लागि कृष्ण रावल: ९८४८५९९६८५, खुमानन्द पौडेल: ९८५५०६५९४८*

.....................

निमित्त प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np